## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु नहकुल शिवाकोटी र सुम्बा शेर्पा मु.नं (०८१-CR-०००२) फैसला मिति २०८१/०६/०६ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **हिरा बाबु थापालाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को बमोजिमको कसुरमा बिगो रु.८०,०००।— कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय खण्ड (ग) बमोजिम सजाय हुन, **प्रतिवादी नहकुल शिवाकोटी र सुम्बा शेर्पाले** मुख्य कसुरदार हिरा बाबु थापाले गरेको कसुरको मतियारको भूमिका खेलेको देखिंदा सोही ऐनको दफा २२ को बमोजिमको कसुरमा सोही दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार हिरा बाबु थापालाई हुने सजाय सरह नै सजाय हुन समेतको मागदावी रहेको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादी हिराबाबु थापाले योजनाको रकम भुक्तानी दिए वापत रिसवत माग गरी रिसवत रकम लिन प्रतिवादी नहकुल शिवाकोटीलाई पठाई नहकुल शिवाकोटीको साथबाट रकम रु.८०,०००।-(असी हजार रुपैयाँ) बरामद भएकोले प्रतिवादी हिराबाबु थापाले नहकुल शिवाकोटी मार्फत रिसवत लिएको पुष्टि भएकोले प्रतिवादी हिराबाबु थापाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिंदा निज प्रतिवादी हिराबाबु थापालाई सोही दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम रु.८०,०००।-(असी हजार रुपैयाँ) जरिवाना हुने र सोही उपदफा (१) को खण्ड (ग) अनुसार ४ (चार) महिना कैद हुने र प्रतिवादी नहकुल शिवाकोटीले सो रिसवत लिन सहयोग गरी सोही दफा २२ बमोजिमको मतियारको कसूर गरेकाले मुख्य प्रतिवादीलाई हुने सजायको आधा रु.४०,०००।-(चालिस हजार रुपैयाँ) जरिवाना र २ (दुई) महिना कैद हुने ठहर्छ। अर्का प्रतिवादी सुम्बा शेर्पा | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादी नहकुल शिवाकोटीले रिसवत लिन सहयोग गरी सोही दफा २२ बमोजिमको मतियारको कसूर गरेको पुष्टि हुन आयो।<br>• प्रतिवादी सुम्बा शेर्पाको हकमा निजबाट रकम बरामद नभएको, घुस रिसवत लिने कार्यमा अग्रसरता देखाएको वा कुनै भूमिका निर्वाह गरेको समेत नदेखिएको तथा अडियो रेकर्डबाट समेत पुष्टी नहुँदा निज उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन सकेन। | • म निवेदक लाल साङ तामाङले दोलखा जिल्ला, विगु गाउँपालिका वडा नं.३ स्थित लाकुरी डाँडा पिपल डाँडा ग्रामीण सडकको स्तरउन्नती गर्नको लागि मेरो नाममा रहेको श्री बुलुङ कन्स्ट्रक्सनले पूर्वाधार विकास कार्यालय चौतारा, सिन्धुपाल्चोकसँग ठेक्का सम्झौता गरी आ.ब. २०८०/०८१ मा जम्मा रु.१०,००,०००।-(दश लाख रुपैयाँ) को योजनामा कार्य सम्पन्न भई भुक्तानी लिने क्रममा उक्त कार्यालयका सब-इन्जिनियर हिरा बाबु थापा समेतले फोनमा पटक-पटक जम्मा योजनाको १०% ले हुन आउने रु.१,००,०००।-(एक लाख रुपैयाँ) कमिशन बापत दिनुपर्छ भनी भन्नुभएको थियो र मिति २०८१/२/२१ गते चरिकोट बजार स्थित एम्ब्रोसिया होटलको छैटौं तलामा निज हिरा बाबु थापाले पठाएको पूर्वाधार विकास कार्यालयका सुपरभाइजर नहकुल शिवाकोटी र सुम्बा शेर्पा समेत दुईजनालाई नगद रु.८०,०००।-(असी हजार रुपैयाँ) दिनु भनी भनेको हुँदा रकम दिएको हो भन्ने निवेदक लाल साङ तामाङले जिल्ला प्रशासन कार्यालय, दोलखामा मिति २०८१/०३/२१ गते दिएको निवेदन उजुरी उपर थप अनुसन्धान पश्चात दायर भएको प्रस्तुत मुद्दामा उजुरी निवेदनमा उल्लेख भएअनुसार पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोक, चौताराका सव-इन्जिनियर हिरा बाबु थापाले फोन मार्फत मसँग रु.८०,०००।-(असी हजार रुपैंया) रकम सुम्बा शेर्पा वा नहकुल शिवाकोटीलाई दिनु भनी कल गरेको र मैले होटल एम्ब्रोसियाको छैटौ तलामा निजहरुलाई बोलाई रकम दिएको साँचो हो उक्त रकम मैले एक हप्ता अगाडि श्री बुलुङ कन्ट्रक्सनको नाममा रहेको प्रभु बैंक सिङ्गटी शाखामा रहेको खाताबट चेकमार्फत छ लाख रुपैंया निकाली सो रकमबाट रु.८०,०००।- दिएको हो, खानतलासी तथा बरामदी मुचुल्का, मिति २०८१।३।२४ को अनुसन्धान अधिकृत समक्ष गरेको बयान, निवेदनसाथ पेश भएको पेनड्राइभमा फोन कल रेकर्ड समेत मैल पेश गरेको ठिक साँचो हो भनी अनुसन्धानमा दिएको निवेदन र कागजलाई समर्थित हुने गरी अदालतमा समक्ष बकपत्र गरेको देखिन्छ भने कल रेकर्डबाट समेत यी प्रतिवादीहरु नहकुल शिवाकोटी र सुम्बा शेर्पासँग उजुरीकर्ताको वार्तालाप समेत भई हिरा बहादुर थापाले भने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकी, निज प्रतिवादी सुम्बा शेर्पाले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भनी विशेष अदालतबाट फैसला भएको अवस्था छ। | | बमोजिम उजुरीकर्तालाई भेटी पैसा लिई सकेको अवस्थामा उक्त रकम बरामद समेत भएको देखिंदा देखिंदै उल्लिखित प्रमाणलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गरी निज प्रतिवादीहरु नहकुल शिवाकोटी र सुम्बा शेर्पालाई प्रतिवादी हिरा बाबु थापालाई हुने सजाय सरह सजाय गर्नु पर्नेमा उल्लिखित प्रमाणलाई अनदेखा गरि प्रतिवादी नहकुल शिवाकोटीलाई आधा सजाय हुने र अर्का प्रतिवादी सुम्बा शेर्पालाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहि बदर भागी छ।<br>•**प्रतिवादी नहकुल शिवाकोटी** हिराबाबु थापाले उजुरीकर्ता लाल साङ तामाङलाई भेटन भने बमोजिम उजुरीकर्ताले बोलाए बमोजिम निज प्रतिवादी नहकुल शिवाकोटी समेत रकम लिन भनी होटल एम्ब्रोसीयातिर गएको कुरा लाल साङ तामाङ र नहकुल शिवाकोटी बीचको वार्तालापको अडियो रेकर्डबाट देखिन्छ। सोही बमोजिम प्रतिवादी नहकुल शिवाकोटीले रकम लिईसके पछी निजको साथबाट नेपाली हजार दरको ८० थान (असी हजार रुपैयाँ) समेत फेला पारी बरामद भएको देखिन्छ भने कल रेकर्डबाट उजुरीकर्ता र यी प्रतिवादी नहकुल शिबाकोटी बिच पटक पटक वार्तालाप समेत भएको देखिन्छ। यसरी प्रतिवादी नहकुल शिवाकोटीले हिराबाबु थापासँग मिलेमतो गरी उक्त घुस रकम लेनदेनमा सहयोग गरेको देखिई आरोप दावी बमोजिमको कसूर गरेको पुष्टि हुन आयो भनी अदालत स्वयम् सहमत भई सकेको अवस्थामा प्रतिवादी नहकुल शिवाकोटीलाई आरोप मागदावी बमोजिमको भ्रष्टाचार निवारण ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य प्रतिवादी हिरा बाबु थापालाई हुने सजाय सरह सजाय गर्नु पर्नेमा मुख्य कसुरदार हिरा बाबु थापालाई हुने सजायको आधा सजाय हुने गरी भएको उक्त फैसला न्याय र कानूनको रोहमा त्रुटि पूर्ण देखिंदा बदर भागी छ।<br>•**प्रतिवादी सुम्बा शेर्पाको हकमा हेर्दा,** प्रतिवादी सुम्बा शेर्पाबाट रकम बरामद नभएतापनी अर्का प्रतिवादी हिरा बाबु थापाले रकम लिनको लागी उजुरीकर्ता निवेदकको मोवाइल नम्वर निज सुम्बा शेर्पालाई पठाई दिए बमोजिम उजुरी दिवेदकसँग वार्तालाप भई कहाँ कुन ठाँउमा आउने भन्ने सम्मको कुराकानी भएको अडियो रेकर्डबाट देखिन्छ र सोही बमोजिम अर्का प्रतिवादी नहकूल सिवाकोटीसँगै निवेदकसँग रकम लिन वारदात |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | स्थलमा गएको र सँगसाथमा रहेबसेको अवस्थामा प्रतिवादी नहकुल सिवाकोटीबाट घुस रिसवत वापतको रकम रु.८०,०००।- बरामद भई सँगै पक्राउ परेको देखिन्छ भने निवेदकले निवेदन तथा बयान र अदालत समक्ष गरेको बकपत्रमा समेत हिरा बाबु थापाले नहकुल शिवाकोटी वा सम्बु शेर्पालाई दिनु भने बमोजिम निजहरुलाई रकम दिएको हुँ भनी अनुसन्धानको क्रममा दिएको निवेदन र काजगलाई समर्थित हुने गरी बकपत्र समेत गरिदिएको अवस्थामा उक्त निवेदन, बयान, पेश भएको अडियो रेकर्ड तथा बकपत्र समेतलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गर्नु पर्नेमा निजले घुस रिसवत लिने कार्यमा अग्रसरता देखाएको वा कुनै भूमिका निर्वाह गरेको समेत देखिन नआई वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेन भन्ने फितलो आधार ग्रहण गरी भएको उक्त फैसला त्रुटिपूर्ण देखिंदा बदर भागी छ।<br>• अतः माथि विवेचित आधार प्रमाण र कारण समेतबाट प्रतिवादीहरु नहकुल शिवाकोटी र सुम्बा शेर्पालाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा प्रतिवादी नहकुल शिवाकोटीको हकमा आंशिक दावी पुग्ने र प्रतिवादी सुम्बा शेर्पालाई आरोप दावीबाट सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |